# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-८ सङ्ख्या-१ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८१/१२/२६

## भाग-२

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना** : सुनकोशी गाउँपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी सामाजिक गैह्र नाफामूलक संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (ठ) मा व्यवस्था भए अनुरुप प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७५ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी, सामाजिक गैह्र नाफामूलक कार्यहरुको विकास एवम् विस्तार गर्ने उद्देश्यले स्थाापना भएको संघ, संस्था, क्लव, मण्डल, परिषद, अध्ययन केन्द्र, समूह आदि सम्झनु पर्नेछ सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

(ख) "गाउँपालिका" भन्नाले सुनकोशी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले सुनकोशी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ङ) "सम्बन्धित शाखा" भन्नाले कार्यालयको सामाजिक तथा आर्थिक विकास शाखा सम्झनु पर्दछ।

(च) "कार्यसमिति " भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्यसमिति सम्झनु पर्दछ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने** : यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन।

४. **संस्थाको दर्ता र नवीकरण** : (१) सुनकोशी गाउँपालिका क्षेत्रभित्र संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायका विवरण खुलाई संस्थाको विधानको दुई प्रति र गाउँपालिकाले निर्धारण गरेको दस्तुर सहित अनुसूची (१) बमोजिमको ढाँचामा कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्छ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) कार्यसमितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(च) संस्थाको विधान,

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा सात भित्र तोकिएको शुल्क लिई अनुसूची-२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गरी प्रमाण पत्र दिइने छ।

(३) दफा (२) बमोजिम दर्ता किताबमा संस्था दर्ता गरे पश्चात अनुसूची-३ बमोजिम तोकिएको ढाँचामा प्रमाणपत्र दिइनेछ।

(४) सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गरिसक्नुपर्नेछ। यदि तीन महिनाभित्र नवीकरण नगरेमा नवीकरण शुल्कको शत प्रतिशत थप शुल्क लिई चैत्र मसान्तभित्र नवीकरण गरिनेछ। चैत्र मसान्तभित्र पनि नवीकरण नगरेमा दर्ता खारेज गरिनेछ।

५. **संगठित संस्था मानिने** : (१) यस निर्देशिका अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

६. **संस्थाको सम्पत्ति** : (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिको संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा कार्यालय त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट जफत गरी संस्थालाई फिर्ता बुझाइ दिनसक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यालयले गरेको कारबाहीमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोके बमोजिम पुनरावेदन गर्न सक्नेछ।

७. **यस कार्यविधि जारी हुनु भन्दा अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने** : यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापित भई सञ्चालनमा रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महिनाभित्र यसै बमोजिम दर्ता गराउनु पर्नेछ।

८. **संस्थाको उद्देश्यहरु हेरफेर** : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको कार्यसमितिले तत् सम्बन्धमा प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव लागु कार्यालयको स्वीकृत गरेपछि हुनेछ।

९. **हिसाबको विवरण पठाउनु पर्ने** : कार्यसमितिले सामाजिक परीक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखापरिक्षणको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ।

१०. **हिसाब जाँच गर्ने** : (१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब कार्यालयको अधिकार प्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकेको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ। सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाउँ कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न गराउन आदेश दिनेछ।

**११.** **<u>दण्ड सजाय</u>** : (१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको कार्यसमितिको सदस्यहरुलाई कार्यालयले जनही दशहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा कार्यसमितिका सदस्यहरुलाई जनही तीनहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ। तर कुनै सदस्यले दफा (९) उल्लंघन हुन नदिन सकसम्म प्रयत्न गरेको थियो भने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकार वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई कार्यालयले एकहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

**१२. अन्य व्यवस्थाः** (१) सङ्घ तथा प्रदेश कार्यालयहरुमा दर्ता भई सुनकोशी गाउँपालिकाभित्र क्षेत्राधिकार रही सञ्चालन रहेका संस्थाहरुले अनिवार्य रुपमा सुनकोशी गाउँपालिकाको कार्यालयमा सूचीकृत गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृतको लागि निवेदन, तोकिएको शुल्क, कार्यसमितिको निर्णय, एक प्रति विधानसहित सम्बन्धित कागजातहरु बुझाउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचीकृतको लागि प्राप्त निवेदनको आधारमा दर्ता गर्ने अधिकृतले जाँचबुझ गरी सूचीकृत भएको अनुसूची-४ बमोजिम प्रमाणपत्र दिनुपर्नेछ।

अनुसूची-१

(दफा (४) को उपदफा (१) सँग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

**विषय : संस्था दर्ता गरिदिनुहुन ।**

महोदय,

हामीले सम्बन्धित संस्था खोल्न चाहेकोले सुनकोशी गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०८१ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खुलाई निवेदन पेश गरेका छौं। साथै, प्रस्तावित संस्थाको विधानको एक प्रति पनि यसै साथ संलग्न गरिएको छ।

**विवरण :-**

१. संस्थाको नाम, ठेगाना :

२. संस्थाको उद्देश्य :

(क) ........................................

(ख) ........................................

३. कार्यसमितिका सदस्यहरुको :

| क्र.सं. | नाम, थर | ठेगाना | पेशा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

४. आर्थिक स्रोत :

५. संलग्न कागजातहरु :

१. संस्थाको विधान,

२. वडा कार्यालयको सिफारिस,

३. कार्यसमितिका पदाधिकारीहरू प्रत्येकको नागरिकताको प्रतिलिपि,

४. संस्थाको छापको नमूना,

**निवेदकको:-**

हस्ताक्षर:

नाम, थर:

सम्पर्क नं.

मिति:

अनुसूची-२

(दफा (४) को उपदफा (२) सँग सम्बन्धित)

## संस्था दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य र कार्यक्षेत्र | संस्थाको पदाधिकारी वा सदस्यहरुको नाम | दर्ता गर्ने अधिकारीको हस्ताक्षर, नाम र पद |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-३

(दफा (४) को उपदफा (३) सँग सम्बन्धित)

## संस्था दर्ता प्रमाण-पत्र

# सुनकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

# संस्था दर्ता प्रमाण पत्र

संस्था दर्ता नं.: ..................

श्री अध्यक्ष/सचिव,

...............................................................।

............................................................... संस्थालाई सुनकोशी गाउँपालिकाको **संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०८१** को दफा ४ बमोजिम ..................... साल ................... महिना ................. गतेमा यस बमोजिम कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

**दर्ता गर्ने अधिकृतको:-**

हस्ताक्षरः

नाम, थरः

पदः

मितिः

| नवीकरण गरेको मिति | नवीकरण अवधि | नवीकरण दस्तुर, रसिद नं. | नवीकरण गर्ने अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-४

(दफा (१२) को उपदफा (३) सँग सम्बन्धित)

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

## संस्था सूचीकृत प्रमाण पत्र

संस्था दर्ता/सूचीकृत नं.: ..................

श्री अध्यक्ष/सचिव,

..........................................................।

................................................................... संस्थालाई सुनकोशी गाउँपालिकाको **संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०८१** को दफा १२ बमोजिम ..................... साल ................... महिना ................. गतेमा यस बमोजिम कार्यालयमा दर्ता/सूचीकृत गरी यो प्रमाण-पत्र दिइएको छ ।

**दर्ता/सूचीकृत गर्ने अधिकृतको:-**

हस्ताक्षर:

नाम, थर:

पद:

मिति:

आज्ञाले,

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८१/१२/२६